मिति १७ अगष्ट २०१२ मा गैरआवासीय नेपाली, सामुहिक लगानी समिति कतारले आयोजना गरेको अन्तरकृयामा उठेका केहि महत्वपुर्ण प्रश्नहरुको उत्तरः

**प्रश्न नं १. :** गैरआवासीय नेपालीहरुद्वारा प्रवर्द्धन गरिने कम्पनीमा लगानी गर्नका लागि एनआरएन परिचय पत्र लिनुपर्ने कि नपर्ने वा एनआरएनको हैसियतमा लगानी गर्दा के के कागजात संलग्न गर्नुपर्ने हुन्छ ?

एनआरएन परिचय पत्र लिनै पर्ने बाध्यता छैन । परिचय पत्र वा नेपाली नागरिकताको फोटो कपि भए हुन्छ । एनआरएन परिचय पत्र लिएर लगानी गर्दा एनआरएन ऐनले लगानीका लागि दिएको सुविधा उपयोग गर्न सकिन्छ । बिशेस गरि लगानी गरेको रकम वा त्यस वाट प्राप्त हुने प्रतिफल बिदेशी मुद्रामा फिर्ता लैजान सकिने प्राबधानका लागि एनआरएनको हैसियतले लगानी गर्नु पर्ने हो । सो सुबिधा उपयोग गर्न नपर्ने अवस्थामा नेपाली नागरिकका हैसियतले लगानी गर्दा हुन्छ ।

**प्रश्न नं २. :** ५ लाख भन्दा वढि लगानी गर्ने लगानी कर्ताहरुले लगानी गर्न कवोल गरेको रकम एकमुष्ठ वुझाउनु पर्ने हो कि किस्तामा वुझाउनु पर्ने हो, यदि किस्तामा वुझाउनु पर्ने हो भने त्यसको मापदण्ड के हो ?

सुरुमा आफुले कबुल गरेको रकम को २५% रकम (कम्तिमा १ लाख) जम्मा गर्नको लागि आव्हवान गरिएको छ । बाँकि रकम परियोजना सुरु भए पछि कम्पनिले माग गरे बमोजिम जम्मा गर्दै जानु पर्नेछ ।

**प्रश्न नं ३. :** गैरआवासीय नेपालीका नावालक तथा निजका आश्रित सदस्यहरुको नाममा शेयर खरिद गर्न पाउने वा नपाउने के व्यवस्था छ ?

कम्पनिमा संस्थापकको हैसियतले लगानी गर्नको लागि नागरिकता, एनआरएन परिचयपत्र वा पिएनओ कार्ड पेश गर्नु पर्ने हुन्छ । नावालक एनआरएनका हकमा सो सम्भव नभए पनि आश्रितहरुले भने उल्लेखित डक्युमेंट र लगानी गर्न चाहेको रकमको स्रोत उल्लेख गर्न सकेमा समावेस गर्न सकिन्छ ।

**प्रश्न नं ४. :** आवेदन फारामको व्यवस्था र दर्ता प्रक्रिया के कस्तो रहेको छ ? आवेदन फाराम भए फाराम भरेर पठाउने कुनै निश्चित ठेगाना तय गरिएको भए त्यसको जानकारी गराई दिनु होला ।

आबेदन फारमको फर्मेट एनआरएनए होमपेजको कलेक्टीभ ईन्भेस्टमेन्ट च्याप्टरवाट डााउन लोड गर्नु होला । हाललाई सीआईसी कमिटिका साथीहरुलाई लगानीका लागि ईच्छुक साथीहरुवाट फारम भरेर जम्मा गर्न अनुरोध गरिएको छ । निकट भविष्यमानै कम्पनिको नेपालको ठेगाना उपलब्ध गराइने छ ।

**प्रश्न नं ५. :** लगानी गर्दा कुन मुद्रामा लगानी गर्ने र ३० सेप्टेम्वर सम्ममा लगानी गर्दा कुन तरिकाले लगानी गर्ने रकम उपलब्ध गराउने हो, रेमिट्यान्स वा नेपाल र विदेश कुनै पनि ठाउँवाट वैंक ट्रान्सफर मार्फत गर्ने हो ?

कम्पनिको बैंक खाता छिट्टै उपलब्ध गराइने छ । सो खातामा लगानी कर्ता आफैंले वा निजको नाममा अरु कसैले पनि रकम जम्मा गर्न सक्ने छ । विदेशवाट रकम पठाउँदा रेमिटेन्स वा प्रोपर बैंकिंग च्यानेलवाट रकम पठाएको हुनु पर्ने छ । नेपालमा पहिले

पठाई सकेको रकम पनि जम्मा गर्न सकिने छ । लगानी गरेको रकमको स्रोत नेपालको नियम बमोजिम खुलाउनु पर्ने अवस्थामा आएमा लगानी कर्ताले सो स्रोत खुलाउनु पर्नेछ ।

**प्रश्न नं ६. :** हाल नेपाल वाहिर नभएको तर नेपालमा नै भए पनि कुनै देशको भिषाको मिति भएको व्यक्तिले एनआरएन को हैसियतवाट लगानी गर्न सक्छ कि सक्दैन ?

यो कम्पनि एनआरएन वा पिएनओको मात्रै लगानीवाट स्थापना गर्न लागिएको हो । तपाईले उल्लेख गर्नु भएका साथीहरुवाट अनुरोध आएमा पुर्नविचार गर्न सकिने छ ।

**सामुहिक लगानी सम्बनधि थप जानकारी : प्रश्न-उत्तरको रुपमा**

१. **सामुहिक लगानीको योजना अहिले कहाँ पुगेको छ ?**

गैरआवासीय नेपालीको सामुहिक लगानीका लागि नेपालको कम्पनि कानुन बमोजिम एनआरएन ईन्भेस्टमेन्ट लिमिटेड दर्ता भएको छ । नेपालका ३ बाणिज्य बैंकहरुमा कम्पनिका नाममा बैंक खाता खोलि इक्षुक लगानी कर्ताहरुबाट रकम संकलन गर्ने कार्य सुरु भएको छ ।

२. **ईच्छुक सबै लगानी कर्ता जम्मा हुनु अगाडी नै यसरी कम्पनि दर्ता किन गरियो ?**

पूँजी संकलनको लागि बैंकमा खाता खोल्नु पर्ने हुन्छ । बैंकिंग नियम अनुसार खाता कुनै व्यक्ती बिशेषको नाममा अथवा कम्पनिको नाममा मात्र खोल्न सकिन्छ । यो कम्पनिमा गरिने लगानी सामुहिक लगानी हुने भएकोले कुनै व्यक्ती बिशेषको नाममा खाता खोल्न व्यबहारिक नभएकोले एनआरएनए कार्यकारी सचिवालयका सदस्यहरु र लगानी सम्बन्धी टास्क फोर्सका ईच्छुक साथीहरुलाई मात्रै समावेस गरि सुरुमा कम्पनि दर्ता गर्नु परेको हो ।

३. **पछि लगानी गर्ने शेयर होल्डरहरुलाई कसरि कम्पनिमा समावेश गरिन्छ ?**

लगानी गर्न इच्छुक साथीहरुले आफुले कबुलं गरेको रकमको २५% कम्पनिको खातामा जम्मा गरि सके पछि पूँजी जम्मा गर्नु हुने सबै शेयर होल्डर्सहरुलाई समावेस गराई कम्पनिको चुक्ता पूँजी तथा संरचनाको वृद्धि गरि कम्पनि रजिस्ट्रारको कार्यालयमा पुन : दर्ता गरिनेछ ।

४. **पहिले आवद्ध लगानी कर्ता र पछि समावेस हुने लगानी कर्ताको कानुनी हैसियत कस्तो हुन्छ ?**

कम्पनीमा सबै लगानी कर्ताको आफुले लगानी गरेको पूँजीको आधारमा समान कानुनी अधिकार रहनेछ ।

५. **कम्पनि स्थापना गर्दा समावेश गरिएका लगानी कर्ता को को हुन ?**

कार्यकारी सचिवालयका सदस्यवाट : जीवा लामिछाने, रामेश्वर शाह, तेन्जी शेर्पा, टेक बहादुर कार्की र भवन भट्ट ।

लगानी सम्बन्धी टास्क फोर्सका सदस्यवाट : शेष घले, महेश श्रेष्ठ, कृष्ण पाण्डे र कुमार पन्त हुनुहुन्छ ।